// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, असार ६ गते २०५१ साल ( संख्या १०

# भाग ३

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

### नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरुवा र बढुवा) नियमहरू, २०५१

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यी नियमहरूको नाम "नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरू, २०५१ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल न्याय सेवा सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा, ९४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ ।

(च) "कर्मचारी" भन्नाले सेवाको निजामती कर्मचारी सम्झनु पर्छ ।

३. सेवाको गठन: ऐनको दफा ३ बमोजिम नेपाल न्याय सेवा गठन गरिएको छ ।

४. सेवामा रहने समूह, श्रेणी र पद: (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रका समान प्रकृतिका पदहरू समावेश भएका अनुसूची–१ बमोजिमका समूहहरू रहनेछन् ।

(२) सेवामा देहायका श्रेणीहरू रहनेछन्:–

(क) राजपत्रांकित:

(१) विशिष्ठ

(२) प्रथम

(३) द्वितीय

(४) तृतीय

(ख) राजपत्र अनङ्कित

(१) प्रथम

(२) द्वितीय

(३) तृतीय

(४) चतुर्थ

(३) सेवाको विशिष्ठ श्रेणीमा अनुसूची–२ बमोजिमका पदहरू रहनेछन् ।

(४) विभिन्न समूहहरूमा रहने श्रेणीका र श्रेणी विहीन पदहरू अनुसूची–३ बमोजिम हुनेछन् ।

५. समूहीकृत गर्ने: यी नियमहरू प्रारम्भ हुँदाको बखत देहायको कार्यालयमा कार्यरत नेपाल न्याय सेवाका कर्मचारीहरूमध्ये विशिष्ठ श्रेणीका कर्मचारीहरू बाहेक अन्य श्रेणीका कर्मचारीहरू देहायको समूहहरूमा स्वतः समूहीकृत भएका मानिनेछन्:–

(क) सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत, न्याय परिषद् सचिवालय, राजश्व न्यायाधीकरण र प्रशासकीय अदालतमा कार्यरत कर्मचारीहरू न्याय समूहमा ।



९४C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, न्यायसेवा तालिम केन्द्र, नेपाल कानून सुधार आयोग, मन्त्रिपरिषद् सचिवालय, विभिन्न मन्त्रालय र सो अन्तर्गतका विभाग तथा कार्यालय, जल तथा शक्ति आयोग, राष्ट्रिय योजना आयोगको सचिवालय, संसद सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोकसेवा आयोगमा कार्यरत कर्मचारीहरू (सरकारी वकील बाहेक) कानून समूहमा ।

(ग) महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरू र विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरू सरकारी वकील समूहमा ।

६. रिक्त पदको पूर्तिः (१) सेवा तथा समूहका रिक्त पदहरूको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) सेवा तथा समूहमा रिक्त रहेको राजपत्राङ्कित पदको पूर्ति आयोगको सिफारिशमा गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समूहको राजपत्राङ्कित पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा वा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाद्वारा पूर्ति गर्दा उम्मेदवारको उपयुक्तताको सम्बन्धमा लोकसेवा आयोगको परामर्श प्राप्त भएको हुनुपर्नेछ

(४) श्रेणी विहीन पदहरू शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

७. पदपूर्ति प्रतिशतको आधारमा पदसंख्या निर्धारण गर्नेः सेवाको समूहमा रिक्त पदहरूमध्ये ऐनको दफा ७ बमोजिम पूर्ति हुने प्रतिशतको आधारमा आयोगले राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पदसंख्या निर्धारण गर्नेछ ।

८. नियुक्तिको लागि योग्यताः सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची–४ बमोजिमको योग्यता पुगेका व्यक्तिहरू उम्मेदवार हुन सक्नेछन् ।

९. सेवा, समूह परिवर्तन गर्नेः श्री ५ को सरकारले कुनै पनि कर्मचारीलाई निजको शैक्षिक योग्यता, कार्य क्षमता, विशिष्ठता र दक्षता समेतको आधारमा ऐनको दफा २६ बमोजिम सेवा तथा समूह परिवर्तन गर्न सक्नेछ । राजपत्राङ्कित कर्मचारीको सेवा समूह परिवर्तन गर्दा आयोगको समेत सहमति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. कार्य सम्पादनको मूल्याङ्कनको आधारमा हुने बढुवाको सूचना प्रकाशन र दरखास्तः (१) नियम ७ बमोजिम पदपूर्ति प्रतिशत तथा पदसंख्या निर्धारण भएपछि आयोगले कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदहरूको विवरण सहितको सूचना प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गर्ने (असार मसान्तको हिसाबले) अवधि, शैक्षिक योग्यता, बढुवा हुने पदको विवरण तथा संख्या, पद रिक्त भएको कार्यालय, दरखास्त दिने अन्तिम म्याद र स्थान समेत खुलाउनु पर्नेछ ।

(३) बढुवाको लागि योग्यता पुगेका सम्बन्धित उम्मेदवारले उपनियम (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आयोगद्वारा निर्धारित ढाँचामा दरखास्त पेश गर्नु पर्नेछ ।

११. कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवारः

'(१) कुनै समूहमाः रिक्त राजपत्राङ्कित पदहरूमा कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्नको निमित्त त्यस्तो रिक्त पद भन्दा एक श्रेणी मुनिको पदमा नियमावलीको नियम ७५ को खण्ड (ख) बमोजिमको 'सेवा अवधि र हाल बहाल रहेको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सम्बन्धित समूहका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन् ।

तर–

(क) ऐनको दफा ७ को उपदफा (१)को खण्ड (घ) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता बाहेक राजपत्राङ्कित द्वितीय श्रेणी भन्दा माथिको पदमा हुने बढुवाको लागि पनि राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिने छ ।

(ख) यो नियमहरू प्रारम्भ हुँदाका बखत सेवामा बहाल रहेका राजपत्राङ्कित कर्मचारीहरूको हकमा रिक्त पदहरूको पच्चीस प्रतिशतसम्म पदका लागि सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेका कर्मचारीहरू पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(२) कुनै समूहमा रिक्त राजपत्र अनङ्कित पदहरूमा कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्नको निमित्त त्यस्तो रिक्त पदभन्दा एक श्रेणी मुनिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा नियमावलीको नियम ७५ को खण्ड (क) बमोजिमको सेवा अवधि र हाल बहाल रहेको पदमा सेवा प्रवेशको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका देहायका कार्यालयहरूका लागि देहायबमोजिमका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्:–

(क) सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय वा प्रशासकीय अदालतमा रिक्त पदहरूका लागि सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय र प्रशासकीय अदालतका कर्मचारीहरू ।

(ख) राजश्व न्यायाधीकरणमा रिक्त पदहरूका लागि सोही कार्यालयका कर्मचारीहरू ।

(ग) पुनरावेदन अदालत वा सो अदालतको क्षेत्र अन्तर्गतका जिल्ला अदालतहरूमा रिक्त राजपत्र अनङ्कित प्रथम श्रेणीको पदहरूका लागि सम्बन्धित पुनरावेदन अदालत र सो अदालतको क्षेत्र अन्तर्गतका जिल्ला अदालतहरूमा कार्यरत कर्मचारीहरू ।

(घ) जिल्ला अदालतमा रिक्त राजपत्र अनङ्कित प्रथम श्रेणी बाहेक अन्य राजपत्र अनङ्कित पदहरूका लागि सोही अदालतमा कार्यरत कर्मचारीहरू ।

(ङ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, नेपाल कानून सुधार आयोग, न्याय सेवा तालिम केन्द्र वा विभिन्न सरकारी निकायमा रिक्त पदहरूका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, नेपाल कानून सुधार आयोग, न्याय सेवा तालिम केन्द्र र विभिन्न सरकारी निकायमा कार्यरत कर्मचारीहरू ।

(च) महान्यायाधिवक्ताको कर्यालयमा रिक्त पदहरूको लागि सोही कार्यालयमा कार्यरत कर्मचारीहरू ।

(छ) पुनरावेदन सरकारी वकील कार्यालय वा सो कार्यालयको क्षेत्र अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयमा रिक्त पदहरूको लागि सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय र सो कार्यालयको क्षेत्र अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरू ।

(३) यी नियमहरू प्रारम्भ हुँदाका बखत सेवामा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरूको हकमा रिक्त पद भन्दा सम्भाव्य उम्मेदवारहरूको



१२९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संख्या कम भएमा त्यस्तो कम हुन आउने रिक्त पदको लागि हाल बहाल रहेको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नपुगेका कर्मचारीहरु पनि कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि पद पूर्ति प्रतिशत निर्धारण भई बढुवाको लागि पदसंख्या छुट्याइसकेपछि सम्बन्धित कार्यालयबाट कुनै कर्मचारीको सरुवा अन्य कार्यालयमा भए तापनि निजलाई साविकको कार्यालयमा छुट्याइएको पदमा हुने बढुवाको लागि सम्भाव्य उम्मेवार हुनबाट बञ्चित गरिने छैन ।

१२. बढुवा समितिः (१) सेवाका राजपत्र अनङ्कित पदमा बढुवा गर्न नियमावलीको नियम ७२ बमोजिमका बढुवा समितिहरू हुनेछन् ।

(२) बढुवा समितिको सचिवालयको काम पद रिक्त रहेको सम्बन्धित निकायले गर्नेछ ।

(३) बढुवा समितिको बैठक नियमावलीको नियम ७३ को उपनियम (३) बमोजिम बस्नेछ ।

१३. जेष्ठता निर्धारणः नियमावलीको नियम ७७ मा निर्धारित आधार बमोजिम कर्मचारीको जेष्ठता कायम हुन नसकेमा आयोगले राजपत्राङ्कित कर्मचारीको सम्बन्धमा उचित र न्यायसङ्गत तरिकाबाट जेष्ठता निर्धारण गर्न सक्नेछ ।

१४. कार्य सम्पादनको मूल्याङ्कनसम्बन्धी व्यवस्थाः (१) कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा नियमावलीको अनूसूची–१५ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ र सोही फाराममा उल्लिखित आधार अनुरूप मूल्याङ्कन गरिनेछ ।

(२) कार्य सम्पादन मूल्यांकनको लागि सुपरीवेक्षक र पुनरावलोकनकर्ता नियमावलीको नियम ७८ को उपनियम (२) बमोजिम हुनेछन् ।

तर पुनरावेदन अदालतका राजपत्रांकित तृतीय श्रेणी र द्वितीय श्रेणीका कर्मचारीहरू र जिल्ला अदालतका सबै कर्मचारीको कार्य सम्पादन मूल्यांकनको लागि सुपरीवेक्षक र पुनरावलोकनकर्ता अनुसुची -५ बमोजिम हुनेछन् ।

(३) विभिन्न समूहका राजपत्रांकित प्रथम, द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरू र जिल्ला अदालतका राजपत्र अनंकित कर्मचारीहरूको कार्य सम्पा-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दन मूल्यांकनको प्रयोजनको लागि अनुसुची-६ बमोजिमको पुनरावलोकन समिति रहनेछ।

१५. बढुवाको नामावली प्रकाशनः- आयोगले कार्य क्षमताको मूल्यांकनको आधारमा बढुवाको लागि सिफारिश भएका राजपत्रांकित कर्मचारीको नामावली सार्वजनिक रूपमा प्रकाशन गर्नेछ। त्यस्तो नामावलीमा सबै भन्दा न्यूनतम अंक प्राप्त गर्ने कर्मचारीले प्राप्त गरेको अंक समेत उल्लेख गर्नुपर्नेछ। त्यसरी बढुवा नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारले आफूले प्राप्त गरेको अंक हेर्न चाहेमा कार्य सम्पादनको अंक बाहेक अन्य आधारहरू वापत निजले प्राप्त गरेको अंक हेर्न दिन् पर्नेछ।

१६. बढुवामा चित्त नबुझ्ने उम्मेदवारले निवेदन दिन सक्नेः- (१) सेवाको राजपत्राङ्कित पदमा कार्य क्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवामा स्थान नपाई चित्त नबुझ्ने सम्बन्धित कर्मचारीले सो बढुवा निर्णय उपर पुनरावलोकनको लागि निवेदन दिन चाहेमा नियम १५ बमोजिम बढुवाको नामावली प्रकाशित भएको मितिले पैंतीस दिन भित्र आयोगमा निवेदन दिन सक्नेछ। त्यसरी निवेदन दिने कर्मचारीले निवेदनमा आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधारहरू समेत खुलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर आयोगले पुनरावलोकन गरी निवेदन परेको मितिले साठी दिन भित्र सो निवेदनको टुंगो लगाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपनियम (२) बमोजिम टुंगो लागेपछि पहिलो पटक प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा आयोगले त्यस्तो संशोधित नामावली प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम पर्न आएको निवेदन आधारहीन ठहरिएमा सो को कारण समेत खोली त्यसको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

१७. बढुवा मिति र बढुवा नियुक्तिः- (१) नियम १५ बमोजिम बढुवाको नामावली प्रकाशित भएपछि नियम १६ को प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट पैंतीस दिनसम्म बढुवा सिफारिश पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ। बढुवा सिफारिश उपर पुनरावलोकनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि आयोगमा निवेदन नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिनको मितिबाट बढुवा हुने श्रेणीको जेष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिश उपर नियम १६ बमोजिम निवेदन परेमा देहाय अनुसार जेष्ठता मिति कायम गरी नियुक्ति दिइनेछः–

(क) नियम १६ को उपनियम (३) बमोजिम बढुवा सिफारिश संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि, र

(ख) निवेदन खारेज भएमा वा पहिलेको बढुवा सिफारिश नै कायम भएमा पहिलो पटक बढुवा सिफारिश प्रकाशित भएको मितिले छत्तीसौं दिनदेखि ।

१८. प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाको लागि विज्ञापन गर्नेः– कुनै समूहको राजपत्राङ्कित पदमा आन्तरिक वा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि आयोगले बढुवा हुने पदहरूको संख्या तथा विवरण आवश्यक शैक्षिक योग्यता, सेवा अवधि, दरखास्त दिने अन्तिम मिति तथा दरखास्त बुझाउने स्थान समेत खुलाइ सम्बन्धित उम्मेदवारको जानकारीको लागि विज्ञापन गर्नु पर्नेछ ।

१९. प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा उम्मेदवारको व्यवस्थाः– (१) कुनै समूहको रिक्त पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरी पूर्ति गर्दा त्यस्तो रिक्त पदभन्दा एक श्रेणी मुनिको पदमा नियमावलीको नियम ७५ बमोजिमको सेवा अवधि र हाल बहाल रहेको पदमा सेवा प्रवेशको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सेवाका कर्मचारीहरू उम्मेदवार हुन सक्नेछन् ।

(२) सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव स्तरको रिक्त पद अन्तरसेवा प्रतिस्पर्धाद्वारा पूर्ति गर्नको निमित्त सो रिक्त पदभन्दा एक श्रेणी मुनिको जुनसुकै सेवा अन्तर्गतको पदमा नियमावलीको नियम ७५ बमोजिमको सेवा अवधि र सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सबै निजामती कर्मचारीहरू सम्मिलित हुन पाउने छन् ।

२०. प्रतियोगितात्मक परीक्षामा बढुवाको आधारः– (१) नियम १९ बमोजिम आन्तरिक प्रतियोगितात्मक वा अन्तरसेवा प्रतिस्पर्धात्मक परीक्षाद्वारा बढुवा गर्दा आयोगले संचालन गरेको परीक्षामा सफल हुने उम्मेदवारहरूमध्येबाट सिफारिश गरेको आधारमा बढुवा गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षा लिंदा रिक्त पदको लागि उपयुक्तता जाँच्ने किसिमको सैद्धान्तिक ज्ञानको साथै व्यावहारिक ज्ञानको परीक्षणमा विशेष जोड दिइनेछ ।

२१. परीक्षा र पाठ्यक्रमसम्बन्धी व्यवस्थाः (१) विभिन्न समूहको राजपत्राङ्कित पदमा आन्तरिक वा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि आयोगले लिखित, अन्तरवार्ता वा आयोगले तोकेको अन्य तरिका मध्ये कुनै एक वा सबै तरिकाद्वारा परीक्षा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षाको निमित्त पाठ्यक्रम निर्धारण गर्न तथा परीक्षा संचालन गर्न आयोगलाई सल्लाह र सहयोग दिनको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव, महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता, सर्वोच्च अदालतको रजिष्ट्रार र न्याय परिषद्को सचिव सम्मिलित एक सल्लाहकार समिति रहनेछ ।

२२. नियम लागू नहुनेः सेवाको विशिष्ठ श्रेणीको पदमा हुने बढुवाको सम्बन्धमा नियम १०, १५ र १६ लागू हुने छैनन् ।

२३. काजसम्बन्धी व्यवस्थाः सेवा वा समूहका राजपत्राङ्कित कर्मचारीलाई निज कार्यरत रहेको कार्यालयबाट अन्य कार्यालयमा तीन महिना भन्दा बढी अवधिको लागि काजमा राख्नु पर्दा आयोगको सहमति लिनु पर्नेछ ।

२४. सरुवाको व्यवस्थाः समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद–६ को अधीनमा रही समूह भित्रको पदमा मात्र गरिनेछ ।

२५. आयोगको सिफारिश लिनु पर्नेः श्री ५ को सरकारले नियमावलीको नियम १०३ र १०४ बमोजिम सेवाका राजपत्राङ्कित कर्मचारीको सेवा अवधि थप गर्दा वा नियमावलीको नियम १०५ बमोजिम सेवाबाट अवकाश दिंदा आयोगको सिफारिश लिनु पर्नेछ ।

२६. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

२७. खारेजी र बचाउः (१) नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२९ खारेज गरिएको छ । उक्त नियमावली बमोजिम भए गरेका काम कारवाहीहरू यी नियमहरू बमोजिम नै भए गरेका मानिनेछन् ।

(२) यी नियमहरूमा लेखिए जतिमा यीनै नियमहरू बमोजिम र अरूमा नियमावली बमोजिम हुनेछ ।



९५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

## सेवामा रहने समूहहरू

(क) न्याय समूह,
(ख) कानून समूह,
(ग) सरकारी वकील समूह ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – २
(नियम ४ को उपनियम (३) संग सम्बन्धित)

**सेवाको विशिष्ट श्रेणीमा रहने पदहरू**

(क) सचिव
(ख) रजिष्ट्रार
(ग) वरिष्ठ सरकारी अधिवक्ता
(घ) विशेष सचिव ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३
(नियम ४ को उपनियम (४) संग सम्बन्धित)

### सेवाका समूहमा रहने पदहरू

| (क) न्याय समूहमा रहने पदहरू | (ख) कानून समूहमा रहने पदहरू | (ग) सरकारी वकील समूहमा रहने पदहरू |
|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी |
| रजिष्ट्रार | सह-सचिव | सरकारी अधिवक्ता |
| सह-रजिष्ट्रार | तालीम प्रमुख | |
| सह-सचिव | कार्यकारी निर्देशक | |
| २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी |
| उप-सचिव | | |
| रजिष्ट्रार | उप-सचिव | उप-सरकारी अधिवक्ता |
| उप-रजिष्ट्रार | कानून अधिकृत | जिल्ला सरकारी अधिवक्ता |
| अनुसन्धान अधिकृत | उप-तालीम प्रमुख | अनुसन्धान अधिकृत |
| सम्पादक | | |
| ईजलाश सहायक | | |
| निजी सहायक | | |
| ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी |
| शाखा अधिकृत | शाखा अधिकृत | शाखा अधिकृत |
| श्रेस्तेदार | कानून अधिकृत | जिल्ला सरकारी अधिवक्ता |
| तहसिलदार | | सहायक जिल्ला सरकारी अधिवक्ता |
| निजी सहायक | | निजी सहायक |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी |
| नायव सुव्वा<br>श्रेस्तेदार<br>तह्सिलदार | नायव सुव्वा | नायव सुव्वा |
| ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी |
| खरिदार<br>डिठ्ठा | खरिदार | खरिदार |
| ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी |
| मुखिया<br>विचारी | मुखिया | मुखिया |
| ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | | |
| बहिदार<br>तामेल्दार | | |
| ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद |
| श्री ५ को सरकारले तोकेबमोजिम | श्री ५ को सरकारले तोकेबमोजिम | श्री ५ को सरकारले तोकेबमोजिम |



९५८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४
(नियम ८ संग सम्बन्धित)

### सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद, | श्री ५ को सरकारले तोकेबमोजिमको योग्यता |
| २. | राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण । |
| ३. | राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण । |
| ४. | राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस. एल. सी.) वा सो सरह उत्तीर्ण । |
| ५. | राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा प्रमाण पत्र तह उत्तीर्ण । |
| ६. | राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण । |
| ७. | राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

स्पष्टीकरणः यस अनुसूचीको प्रयोजनको लागि मान्यता प्राप्त शिक्षण संस्था भन्नाले लोकसेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

(नियम १४ को उपनियम (२) संग सम्बन्धित)

### सुपरिवेक्षक र पुनरावलोकनकर्ता

(क) पुनरावेदन अदालतको लागिः–

| श्रेणी | सुपरिवेक्षक | पुनरावलोकनकर्ता |
|---|---|---|
| १. राजपत्रांकित द्वितीय | पुनरावेदन अदालतको रजिष्ट्रार | पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको सोही पुनरावेदन अदालतको न्यायाधीश |
| २. राजपत्रांकित तृतीय | पुनरावेदन अदालतका रजिष्ट्रारले तोकेको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत | पुनरावेदन अदालतको रजिष्ट्रार |

(ख) जिल्ला अदालतको लागिः–

| | | |
|---|---|---|
| १. राजपत्रांकित तृतीय | जिल्ला न्यायाधीश | जिल्ला न्यायाधीश |
| २. राजपत्र अनंकित | अधिकृत स्तरको श्रेस्तेदार भएमा निज र त्यस्तो श्रेस्तेदार नभएमा जिल्ला न्यायाधीश । | जिल्ला न्यायाधीश । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–६

(नियम १४ को उपनियम (३) संग सम्बन्धित)

### पुनरावलोकन समिति

(अ) सर्वोच्च अदालतः

(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश– अध्यक्ष
२. सर्वोच्च अदालतको रजिष्ट्रार– सदस्य
३. न्याय सेवा आयोगको सचिव– सदस्य

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि–

१. सर्वोच्च अदालतको रजिष्ट्रार– अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव– सदस्य
३. सर्वोच्च अदालतको सह-रजिष्ट्रार (कर्मचारी प्रशासन हेर्ने)– सदस्य

(आ) पुनरावेदन अदालतः

(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. प्रधानन्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश– अध्यक्ष
२. सर्वोच्च अदालतको रजिष्ट्रार– सदस्य
३. न्याय सेवा आयोगको सचिव– सदस्य

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि–

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश– अध्यक्ष
२. सम्बन्धित पुनरावलोकन कर्ता– सदस्य
३. सम्बन्धित सुपरिवेक्षक– सदस्य

(इ) जिल्ला अदालतः

(क) राजपत्रांकित तृतीय श्रेणीको कर्मचारीको लागि–

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश– अध्यक्ष
२. सम्बन्धित पुनरावलोकन कर्ता– सदस्य
३. सम्बन्धित सुपरिवेक्षक– सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) राजपत्र अनंकित कर्मचरीको लागि–

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको सोही अदालतको न्यायाधीश– अध्यक्ष
२. सम्बन्धित पुनरावलोकन कर्ता– सदस्य
३. सम्बन्धित सुपरिवेक्षक– सदस्य

(ई) प्रशासकीय अदालतः

(क) राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारीको लागि–

१. प्रशासकीय अदालतको अध्यक्ष– अध्यक्ष
२. प्रशासकीय अदालतको अध्यक्षले तोकेको सोही अदालतको सदस्य– सदस्य
३. सर्वोच्च अदालतको सह-रजिष्ट्रार (प्रशासन हेर्ने)– सदस्य

(ख) राजपत्रांकित तृतीय श्रेणीको कर्मचारीको लागि–

१. प्रशासकीय अदालतको अध्यक्ष– अध्यक्ष
२. प्रशासकीय अदालतको अध्यक्षले तोकेको सोही अदालतको सदस्य– सदस्य
३. प्रशासकीय अदालतको रजिष्ट्रार– सदस्य

(उ) न्याय परिषद् सचिवालयः

(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. न्याय परिषद्को अध्यक्षले तोकेको न्याय परिषद्को सदस्य– अध्यक्ष
२. न्याय परिषदको सचिव– सदस्य
३. सर्वोच्च अदालतको रजिष्ट्रार– सदस्य

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि–

१. न्याय परिषद्को सचिव– अध्यक्ष
२. न्याय परिषद् सचिवालयको सह-सचिव– सदस्य
३. सर्वोच्च अदालतको सह-रजिष्ट्रार– सदस्य

(ऊ) कानून समूहः

(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव– अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव– सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र न्याय सेवा तालीम केन्द्रको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको विशेष सचिव र अन्य निकायमा कार्यरत कर्मचारीको लागि सम्बन्धित निकायको विभागीय प्रमुख– सदस्य

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका कर्मचारीको लागि–

१. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव– अध्यक्ष

२. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको विशेष सचिव– सदस्य

३. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा कार्यरत कर्मचारीको लागि सोही मन्त्रालयका सह-सचिव (प्रशासन हेर्ने) र अन्य निकायमा कार्यरत कर्मचारीको लागि सम्बन्धित निकायका विभागीय प्रमुख– सदस्य

(ए) सरकारी वकील समूह:

(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. महान्यायाधिवक्ता– अध्यक्ष

२. न्याय सेवा आयोगको सचिव– सदस्य

३. महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता– सदस्य

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि–

१. महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता– अध्यक्ष

२. महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गतका कार्यालयको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव (प्रशासन हेर्ने) र अन्य निकायमा कार्यरत सरकारी वकील समूहका कर्मचारीको लागि सम्बन्धित विभागीय प्रमुख– सदस्य

३. महान्यायाधिवक्ताको कार्यालयको सरकारी अधिवक्ता (प्रशासन हेर्ने)– सदस्य

आज्ञाले,
सुरेसमान श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री दीपेन्द्रपुरूष ढकाल फिलिपिन्सको राजधानी मनिलामा हुने एशियन तथा प्यासिफिक क्षेत्रमा जैविक विविधता संरक्षण विषयक गोष्ठीमा भाग लिन समेत त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गोपालमान श्रेष्ठलाई मिति २०५१।२।२६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५को सरकारले मिति २०५०।१२।१२ को निर्णयानुसार नेपाल इन्जिनियरिंग सेवा इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन समूहको रा.प. तृतीय श्रेणीका प्राविधिक अधिकृत श्री प्रेम रत्न शाक्यले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०५०।१२।१२ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
लक्ष्मणप्रसाद उपाध्याय
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकारका बीच चीनको पेकिङ्गमा मिति २०५१ साल वैशाख २३ गते तदनुसार मे ६, १९९४ का दिन सम्पन्न द्विपक्षीय सडक यातायात सम्बन्धी सम्झौता तथा सो सम्बन्धी प्रोटोकल नेपाल सन्धि ऐन, २०४७ को दफा १२ को प्रयोजनको लागि प्रकाशन गरिएको छ ।

श्री ५ को सरकार, नेपाल
तथा
जनवादी गणतन्त्र चीन सरकारका बीच
सम्पन्न
द्विपक्षीय सडक यातायात सम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल तथा जनवादी गणतन्त्र चीन सरकार यसपछि "संविदाकारी पक्षहरू" भनिएको;

नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनबीच प्रगाढ रूपमा रही आएको परम्परागत मित्रता र घनिष्ठ सम्बन्धलाई अझ बढी प्रवर्द्धन गर्ने उद्देश्य लिएर;
द्विपक्षीय व्यापार र आर्थिक सहयोगको उत्तरोत्तर विकास हुनु पर्ने आवश्यकतालाई ध्यान दिएर, तथा
पारस्परिकताको आधारमा दुई देशबीच यात्रु, मालसामान र डाँक यातायातको विकास गर्ने ईच्छा लिएर,
मैत्रीपूण परामर्शबाट देहाय बमोजिम गर्न सहमत भएका छन्ः

धारा–१

संविदाकारी पक्षहरू दुई देशबीच यात्रु (यात्री) समेत पर्यटकहरू, मालसामानहरू र डाँक सेवाहरूको नियमित तथा गैर-नियमित द्विपक्षीय सडक यातायात संचालन गर्ने मन्जुर गर्दछन् । त्यस्तो यातायात संविदाकारी पक्षहरूबाट खोलिएका तथा स्वीकृत गरिएका सडक एवं स्थानहरूबा संचालन गरिनेछ । तोकिएको मार्ग तथा पार गर्ने स्थान (पासिङ प्वाइन्ट) यस संझौतालाई कार्यान्वयन गर्न व्यवस्था भएको नियमावलीमा उल्लेख गरिनेछ ।

धारा–२

संविदाकारी पक्षहरूका सक्षम अधिकारीहरूबीचको आपसी सहमतिबाट नियमित तथा गैर-नियमित यातायात संचालन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–३

संविदाकारी पक्षहरूका सक्षम अधिकारीले आ-आफ्नो इलाका भएर जाने सडकको भागको हकमा सवारीहरूको लागि अनुमति पत्र जारी गर्ने छन् ।

धारा–४

१. मालसामान नलिई वा लिई सवारी चलाईदा कुनै सडक यातायात सवारीको नाप र वजन अर्को संविदाकारी पक्षको इलाकामा स्थापित स्तर भन्दा बढी भएकोमा तथा जोखिमपूर्ण मालसामान ढुवानी गर्दा समेत त्यस्तो सवारी धनीले सम्बन्धित संविदाकारी पक्षको सक्षम निकायबाट विशेष अनुमति लिनु पर्नेछ ।

२. यस धाराको प्रकरण १ बमोजिमको अनुमतिमा कुनै सडक यातायात सवारीले कुनै तोकिएको मार्गबाट यातायात संचालन गर्नु पर्ने गरी व्यवस्था गरिएमा सोही मार्गबाट नै यातायात सवारी संचालन गर्नु पर्ने छ ।

धारा–५

१. आ-आफ्नो देशको आन्तरिक कानून बमोजिम द्विपक्षीय सडक यातायात संचालन गर्न अनुमति पाएका सवारी धनीहरूबाट मात्र यस सम्झौतामा व्यवस्था गरिएको यातायात संचालन गर्न सकिनेछ ।

२. द्विपक्षीय सडक यातायात संचालनमा संलग्न रहेका सडक यातायात सवारी-हरूमा सवारी दर्ता प्लेट र आ-आफ्नो देशको सांकेतिक चिह्न हुन पर्नेछ ।

धारा–६

यस सम्झौतामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सवारी धनीलाई अर्को संविदाकारी पक्षको इलाकाको दुई स्थानहरूबीच यात्रु वा मालसामानको ओसारपसार गर्न अनुमति हुने छैन ।

धारा–७

यस सम्झौता अन्तर्गत व्यवस्था भएको मालसामानको ढुवानी संविदाकारी पक्षको प्रेषित पत्र (कन्साइनमेन्ट नोट) बमोजिम संचालन गरिनेछ र सो पत्रको ढाँचा साधारणतः स्वीकृत अन्तर्राष्ट्रिय नमूना अनुरूपको हुनेछ ।

धारा–८

१. कुनै सवारी वाहन वा मालवाहक सवारी चालकले आफूले चलाइ रहेको सडक यातायात सवारीको वर्ग बमोजिमको वैध रहेको राष्ट्रिय वा अन्तर्राष्ट्रिय चालक अनुमति पत्र र सडक यातायात सवारीको लागि राष्ट्रिय दर्ता कागजात साथमा राख्नु पर्नेछ ।

२. यस सम्झौतामा व्यवस्था भए बमोजिम लिन पर्ने अनुमतिपत्र वा अन्य कागजातहरू सम्बन्धित सडक यातायात सवारीमै राखिने छ र सक्षम अधिकारीले मागेको वखत दाखिला गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–९

यस सम्झौता बमोजिम यात्रु र मालसामानको ओसारपसार गर्ने कार्यसंग सम्बन्धित व्यावहारिक विषयहरू संविदाकारी पक्षहरूका सक्षम अधिकारीहरू बीचको सिधा सम्पर्कबाट छिनोफानो गरिनेछ ।

धारा–१०

यस सम्झौता बमोजिमको सडक यातायातको सम्बन्धमा गरिने भुक्तानी पूर्ण परिवर्त्य विदेशी मुद्रामा वा दुई संविदाकारी पक्षहरू बीच सम्पन्न भएको वा समय समयमा सम्पन्न हुने द्विपक्षीय सम्झौतामा व्यवस्था भए बमोजिम गरिनेछ ।

धारा–११

१. यस सम्झौताको आधारमा यातायात संचालन गर्दा अर्को संविदाकारी पक्षको इलाकामा ल्याइएका देहायका वस्तुहरूमा भंसार, कर र शुल्कछूट दिइनेछः

(क) जुनसुकै सडक यातायात सवारीमा राखिएको र सवारी यन्त्रको इन्धन प्रणालीसंग प्राविधिक तथा संरचनागत रूपले जडिएको ट्याङकीमा रहेको इन्धन;

(ख) सवारी संचालन अवधिभरको प्रयोगको लागि आवश्यक लुब्रिक्यान्ट्स;

(ग) द्विपक्षीय सडक यातायात संचालनमा संलग्न सडक यातायात सवारीको मर्मतको लागि चाहिने पार्ट-पूर्जा र औजार, तर त्यस्ता वस्तुहरूको विवरण भन्सार कार्यालयमा प्रस्तुत गरिनेछ ।

२. प्रयोग नगरिएका पार्ट-पूर्जाहरू देश बाहिर फिर्ता ल्याउनु पर्नेछ, तर फेरिएका पार्ट-पूर्जाहरू देश बाहिर ल्याउनु पर्ने वा विनाश गर्नु पर्ने वा सम्बन्धित संविदाकारी पक्षको इलाकामा तोकिएको विधि अनुसार प्रयोग गर्नु पर्नेछ ।

धारा–१२

यस सम्झौता बमोजिम गरिने यात्रु वा मालसामानको ओसार पसार तेस्रो पक्षका दायित्व सम्बन्धी बीमा अन्तर्गत संचालन गरिनेछ । सवारी धनीले त्यस्तो ओसार-पसार संचालन कार्यमा संलग्न प्रत्येक सडक सवारीको अग्रीम बीमा गराउनु पर्नेछ ।

धारा–१३

सीमा, भन्सार र क्वारेन्टाइन औपचारिकताहरू, कर तथा दस्तूरको सम्बन्धमा दुवै संविदाकारी पक्षहरू पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा संविदाकारी पक्षहरूबीच भएको द्विपक्षीय सम्झौताका प्रावधानहरू लागू हुनेछन् । साथै यस सम्झौतामा व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएका विषयहरूको निर्णय गरिदा संविदाकारी पक्षको आ-आफ्नो आन्तरिक कानून लागू हुनेछ ।

धारा–१४

सीमा, भन्सार र क्वारेन्टाइन औपचारिकताहरू, कर तथा दस्तूरको सम्बन्धमा सवारीमा रहेका सिकिस्त बिरामी यात्रुहरू, नियमित सवारी सेवामा ल्याइएका यात्रुहरू र सवारीमा ढुवानी गरिएका जनावर, छिट्टै सड्ने सामानहरू समेतलाई प्राथमिक ध्यान दिइने छ ।

धारा–१५

एक संविदाकारी पक्षको सवारी धनीहरूले आफ्नो सवारी अर्को संविदाकारी पक्षको इलाकामा रहँदा ट्राफिक कानून र अन्य कानून तथा नियमहरूको पालना गर्नु पर्नेछ ।

धारा–१६

यस सम्झौताको कार्यान्वयनलाई सुनिश्चित गर्नको लागि संविदाकारी पक्षहरूका सक्षम अधिकारीहरूले सिधा सम्पर्क राख्ने छन् र कुनै एक संविदाकारी पक्षको सुझावमा यात्रु तथा मालसामानको ओसारपसार गर्ने अनुमति दिने पद्धतिसंग सम्बन्धित विषयहरू निर्धारण गर्न परामर्श गर्ने छन् । साथै जारी गरिएको अनुमतिको प्रयोग सम्बन्धी अनुभव र सूचनाको आदान प्रदान गर्ने छन् ।

धारा–१७

यस सम्झौताको व्याख्या वा प्रयोगका सम्बन्धमा उठ्न सक्ने सबै मतभिन्नता-हरू संविदाकारी पक्षहरूले वार्ता तथा परामर्शद्वारा समाधान गर्ने छन् ।

धारा–१८

आफूले सम्पन्न गरेका अन्य अन्तर्राष्ट्रिय सन्धि बमोजिम व्यवस्था भएको संविदाकारी पक्षहरूको अधिकार र कर्तव्यलाई यस सम्झौताले प्रतिकूल असर पार्ने छैन ।

धारा–१९

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।
२. संविदाकारी पक्षहरूले यो सम्झौता लागू भएको मितिले दुई वर्षपछि सम्झौताको कार्यान्वयन सम्बन्धमा पुनरावलोकन गर्ने छन् ।
३. यो सम्झौता पाँच वर्षको अवधिको लागि वहाल रहनेछ । प्रकरण ४ मा व्यवस्था भए बमोजिम कुनै संविदाकारी पक्षले सूचना दिएर सम्झौताको अन्त्य गरेकोमा बाहेक त्यस पछिका पाँच-पाँच वर्षको अवधिका लागि यो सम्झौता स्वतः वहाल हुँदै जानेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कुनै एक संविदाकारी पक्षले अर्को संविदाकारी पक्षलाई छ महीनाको लिखित सूचना दिई यो सम्झौताको अन्त गर्न सक्नेछ ।

विक्रम सम्वत् २०५१ साल बैशाख २३ तदनुसार मे ६ तारिख १९९४ का दिन पेकिङमा नेपाली, चिनिया र अंग्रेजी भाषाका दुई-दुई प्रतिहरूमा सबै प्रतिहरू समान रूपले प्रामाणिक हुने गरी यो सम्झौता सम्पन्न भयो । व्याख्यामा कुनै भिन्नता भएको अवस्थामा अंग्रेजी प्रति मान्य हुनेछ ।

(शिवराज जोशी)
निर्माण तथा यातायात सहायक मन्त्री
श्री ५ को सरकार, नेपालका तर्फबाट

(ली चुचाङ)
उपमन्त्री, सन्चार मन्त्रालय,
जनवादी गणतन्त्र चीन
सरकारका तर्फबाट

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# AGREEMENT
# BETWEEN
# HIS MAJESTY'S GOVERNMENT OF NEPAL
# AND
# THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA
# CONCERNING BILATERAL ROAD TRANSPORTATION

His Majetty's Government of Nepal and the Government of the People's Republic of China hereinafter referred to as the 'Contracting Parties';

With a view to further promoting traditional friendship and close relationship between the Kingdome of Nepal and the People's Republic of China.

Taking into account the need for further development of bilateral trade and economic cooperation; and

Desiring to develop on the basis of reciprocity the transportation of passengers, goods and mail between the two countries;

Have agreed through friendly consultations upon the following:

## Article 1

The contracting Parties hereby agree to operate regular and non-regular bilateral road transportation of passengers including tourists, goods and mail services between the two contries. Such transportation shall be carried out on the road and on the points opened and agreed by the Contracting parties. Specific routes and passing points shall be mentioned in the Rules for Implementation to this Areement.

## Article 2

Regular and non-regular transportation shall be operated by mutual consent of the competent authorities of the Contracting Parties.

## Article 3

The competent authorities of the Contracting Parties shall issue permits for vehicles for that part of the route which passes through their respective territory.





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Article 4

1. When the dimenisions and the weight of a road transport vehicle travelling with or without goods exceed the standards established in the territory of the other Contracting Party and also when hazardous goods are being carried, the carrier shall obtain a special permit from the competent authorities of the Contracting Party concerned.
2. If the permit refered to in paragraph (1) of this Article provides for the movement of a road transport vehicle by a specific route, the transportation must tack place along that route.

Article 5

1. The transport operation envisaged in this Agreement may be performed only by carriers who, in conformity with the internal low of their country, are permitted to carry out bilateral road transport operations.
2. Road transport vehicles involved in bilateral road transport operations hall have a vehicle registration plate and the distinguishing mark of their country.

Article 6

Notwithstanding anything contained in other provisions of this Agreement, a carrier shall not be permitted to transport passengers or goods between two points on the territory of the other Contracting Party.

Article 7

Transportation of goods provided for in this Agreement shall be undertaken under consignment notes of each Contracting Parties, the form of which observes the generally accepted international model.

Article 8

1. The driver of a coach or of a goods vehicle shall hold a valid national or international drivers' licence corresponding to the category of the road transport vehicle he is driving, and national registration documents for road transport vehicle.
2. Permits and any other documents required in accordance with the provision of this Agreement shall be carried in the road transport vehicle to which they relate and be produced upon the request of competent authorities.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Article 9

Practical matters connected with carying out the transportation of passengers and goods envisaged in this Agreement may be settled directly between the competent authorities of the Contracting Parties.

Article 10

The payment for the bilateral road transportation under this Agreement shall be made either in the freely convertiable foreign currency or as per the bilateral agreements concluded or to be concluded from time to time between the two Contracting Parties.

Article 11

1. In the performance of transport operation on the basis of this Agreement the following items brought on to the territory of the other Contracting Party shall be the allowed and exempted from customs, taxes and duties.
   a) fuel held in the tanks in/on each model of road transport vechile and which are linked technically and structrually with the engine's feed system.
   b) lubricants neccssary for use during the transport operation.
   c) spare parts and tools required for the repair of a road transport vehicle involved in bilateral road transport operation and such items shall be declared in the customs office.
2. Unused spare parts shall be subject to being taken back out of the country while spare parts that have been replaced should be either taken out of the country or destroyed or handled in the manner prescribed in the territory of the Contracting Party cancerned.

Article 12

Tranportation of passengers and goods on the basis of this Agreement shall be performed under third party liability insurance. The carrier shall be obliged to insure in advance each road vechicle undertakiug the said transport operation.

Article 13

In relation to border, customs and quaratine formalities, taxation and fees, the provisions of international treaties to which both



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Contracting Parties are party or the bilateral agreements between the Contracting Parties shall be applied and in deciding matters which are not regulated by this Agreement the internal law of each of the Cantracting Parties shall be applied.

Article 14

In relation to border, customs and quarantine formalities. priority attention shall be given to seriously ill patients who are being transported, to passengers carried by regular coach services and also to animals and perishable goods being transported respectively.

Article 15

Carriers of one Contracting Party are obliged to observe the traffic laws and other laws and regulations of the Contracting Party on whose territory their vehicles are plying.

Article 16

For the purpose of ensuring fulfilment of this Agreement the competent authorities of the Contracting Parties shall carry out direct contacts and at the suggestion of either Contracting Party hold consultations to decide matters connected with the system of permits for the transportation of passengers and goods and shall also exchange experience and information on the use of permits that are issued.

Article 17

The Contracting Parties shall Settle all differences which may arise in connection with the interpretation or application of this Agreement, througn negotiations and consultations.

Article 18

This Agreement shall not affect the rights and obligations of the Contracting Parties arising from other international treaties which they have concluded.

Article 19

1. This Agreement shall enter into force on the date of signature.
2. The Contracting Parties shall review the operation of this Agreement after two years from the date of effect of this Agreement.

९६४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3. This Arreement shall remain valid for a period of five years. Its validity shall be automatically extended for succssive periods of five years unless terminated by either Contracting Party by giving a notice as mentioned-in paragrah 4 below.
4. This Agreement may be terminated by eithr Contracting Party by giving a six month written notice to the other Contracting Party,

Done in Beijing on sixth of May, 1994, in duplicate in Nepali, Chinese and English languages, all texts being equally authentic. In case of any differences in interpretation, the English text shall prevail.

| | |
|---|---|
| **(Shiva Raj Joshi)** | **(Li Juchang)** |
| Assistant Minister | Vice Minister |
| Ministry of Works and Transport | Ministry of Communications |
| For His Majesty's | For the Government of the |
| Government of Nepal. | People's Republic of China. |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकारबीच सम्पन्न द्विपक्षीय सडक यातायात सम्बन्धी सम्झौता लागू गर्ने सम्बन्धी
प्रलेख (प्रोटोकल)

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच पेकिङमा २०५१ साल वैशाख २३ गते हस्ताक्षर भएको द्विपक्षीय सडक यातायात सम्बन्धी सम्झौता लागू गर्ने सिलसिलामा देहाय अनुसारको समझदारीमा पुगिएको छः

१. सम्झौताको विभिन्न धाराहरूमा उल्लेख भएको "सक्षम अधिकारीहरू" भन्नाले देहाय बमोजिम हुनेछन्ः

(१) श्री ५ को सरकारको लागिः

(क) सम्झौताको धारा २, ३, ४, ६ तथा १६ को प्रयोजनका लागि निर्माण तथा यातायात मन्त्रालय वा सो मन्त्रालयबाट तोकिए बमोजिमको कुनै अधिकारी वा अधिकारीहरू ।

(ख) धारा ८ को प्रकरण २ को प्रयोजनको लागिः

१) सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू;

२) सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरू;

३) सम्बन्धित अध्यागमन कार्यालयहरू;

४) सम्बन्धित भन्सार कार्यालयहरू ।

(२) जनवादी गणतन्त्र चीन सरकारको लागिः

(क) सम्झौताको धारा २, ३, ६ तथा १६ को प्रयोजनका लागि जनवादी गणतन्त्र चीनको संचार मन्त्रालय तथा सिचाङ (तिब्बत) को अधिकार प्राप्त संचार विभाग ।

(ख) सम्झौताको धारा ४ तथा ८ को प्रयोजनका लागि जनवादी गणतन्त्र चीनको संचार मन्त्रालय र सार्वजनिक सुरक्षा मन्त्रालय तथा सिचाङ (तिब्बत) को अधिकार प्राप्त संचार विभाग र सार्वजनिक सुरक्षा विभाग ।

२. उल्लिखित सम्झौताको सन्दर्भमा देहायका शब्दहरूको अर्थ देहाय बमोजिम हुनेछः

(१) "सडक यातायात सवारी" भन्नालेः

(क) मालसामानको ढुवानी गरिंदा मालसामान ओसार्ने सवारी, ट्रेलर वा अर्ध ट्रेलर सहितको मालसामान ओसार्ने सवारी र सवारीलाई डोर्‍याउने (टोविङ्ग) साधन संझनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यात्रुहरू ओसारपसार गर्दा– कोच अर्थात् चालकको सिट बाहेक कम्तिमा ८ सिट भएको र पर्यटक समेत यात्रुहरूको ओसारपसारका लागि व्यवस्था गरिएको कुनै सडक यातायात सवारी संझनु पर्छ र सो शब्दले आवश्यकता अनुसार साथमा ल्याएको सामान (ब्यागेज) ओसार्ने सवारी साधन वा सवारी साधनहरू समेत जनाउने छ ।

(२) "नियमित यातायात" भन्नाले पूर्व सहमति भएको समय तालिका र मार्ग अनुसार प्रारम्भिक, अन्तिम र बीच-बीचको विसौनी स्थानहरू निर्धारण भै संविदाकारी पक्षहरूको सडक यातायात सवारीहरूबाट संचालन हुने यातायातलाई संझनु पर्दछ ।

(३) "गैर-नियमित यातायात" भन्नाले नियमित यातायात बाहेकको अन्य सबै सडक यातायात सेवा संझनु पर्दछ ।

३. सम्झौताको धारा ३ मा उल्लेख भएको अख्तियारीले ढुवानीकर्ता तथा माल-सामान धनीले आ-आफ्नो मुलुकको आन्तरिक कानून तथा नियम बमोजिम मालसामानको भंसार जाँचपास (क्लियरेन्स) गर्नु पर्ने आवश्यक दायित्वलाई छूट गर्ने छैन ।

४. धारा १३ तथा १४ मा उल्लिखित "क्वारेन्टाइन औपचारिकताहरू" भन्नाले स्वास्थ्य, पशु स्वास्थ्य र फाइटोलोजी सम्बन्धी निरीक्षणलाई संझनु पर्दछ ।

प्रस्तुत प्रलेख सम्झौताको एक अभिन्न अङ्ग हुनेछ ।

पेकिङ्गमा विक्रम सम्वत् २०५१ साल वैशाख २३ गते तदनुसार मे ६, १९९४ का दिन नेपाली, चिनियाँ र अंग्रेजी भाषाका दुई-दुई प्रतिहरूमा सबै प्रतिहरू समान रूपले प्रामाणिक हुने गरी हस्ताक्षर गरियो । व्याख्यामा कुनै भिन्नता हुन गएको अवस्थामा अंग्रेजी प्रति मान्य हुनेछ ।

| | |
|---|---|
| (शिवराज जोशी) | (ली चुचाङ) |
| निर्माण तथा यातायात सहायक मन्त्री | उप-मन्त्री, संचार मन्त्रालय |
| श्री ५ को सरकार, नेपालका लागि | जनवादी गणतन्त्र चीन सरकारका लागि |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# PROTOCOL

## ON THE APPLICATION OF THE AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA CONCERNING BILATERAL ROAD TRANSPORTATION

With respect to the application of the Agreement Between His Majesty's government of Nepal and the Government of the People's Republic of China Concerning Bilateral Road Transportation signed in Beijing, on May 6, 1994, an understanding has been reached as follows:

1. The term "Competent Authorities" mentioned in the various Articles of the Agreement shall be as follows.

(1) For His Majesty's Government:

(a) For the purpose of the Articles 2, 3, 4, 9 and 16 of the Agreement

-The Ministry of Works and Transport or any authority or authorities as designated by the said Ministry from time to time.

(b) For the purpose of Paragraph 2 of Article 8,

i. Concerned District Administrative Offices,
ii. Concerned District Police Offices,
iii. Concerned Immigration Offices,
iv. Concerned Customs Offices.

(2) For the Government of the People's Republic of China:

(a) For the purpose of the Acticle 2, 3, 9 and 16 of the Agreement— the Ministry of Communications of the People's Republic of China (MOC) and the authorized Department of Communication of Xizang (Tibet).

(b) For the purpose of the Articles 4 and 8 of the Agreement- the Ministry of Communications of the People's Republic of China, the Ministry of Public Security of the



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

People's Republic of China and the authorized Department of Communications of Xizang (Tibet) and the authorized Department of Public Security of Xizang (Tibet).

2. In the side Agreement the terms should be understood as follows:

(1) the term "road transport vehicle" means

(a) In transporting goods- goods vehicle, a goods vehicle with trailer or semi-trailer and aroad towing vehicle,

(b) In transporting passengers- a coach, i. e. a road transport vehiele designed for carrying passengers including tourist and having no fewer than 8 seats excluding the driver's seat, and also vehicle (s) for carrying baggage when required,

(2) the term "regular transportation" means transportation carried out by road transport vehicles of the Contracting Parties according to a previously agreed timetable and route, where the initial, terminael and stopping points are designated.

(3) The term "non-regular transportation" means all other road transportation services except the regular transportation.

3. The authorization envisaged in Article 3 of the Agreement does not exempt arriers and woners of goods from the duty to obtain customs clearance necesssary in accordance with the internal laws and regulations of each country.

4 The term "quarntine formalities" mentioned in Articles 13 and 14 should be understood to mean health, veterinary and also phytological inspection.

This Protocol shall be an integral part of the Agreement.

Done in Beijing on May 6, 1994, in duplicate in Nepali, Chinese and English languages, all the texts being equally authentic.


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

In case of any differences in interpretation the English text shall prevail.

| | |
|---|---|
| Shiva Raj Joshi | Li Juchang |
| Assistant Minister | Vice Minister |
| Ministry of Work and Transport | Ministry of Communications |
| For His Majesty's | For the Government of the |
| Government of Nepal | People's Repubiic of China |

आज्ञाले,
माधव पौडेल
उपसचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग

१८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।